# छबिस पाथिभेरा गाउँपालिका बझाङको
# संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन
# (Study Report on Organization and Management of Chhabis Pathivera Rural Municipality Office, Bajhang)

२०८०, जेठ

पेश गरेको संस्था

**छबिस पाथिभेरा गाउँपालिकाको कार्यालय**

**छबिस पाथिभेरा, ब्यासी, बझाङ**

पेश गर्ने संस्था


**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान**

(स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन २०४९ द्वारा स्थापित)


जावलाखेल, ललितपुर

फोन नं. ०१-५५२२००४, ०१-५५२५३४६

ईमेल: ldta.org.np@gmail.com

URL: www.ldta.gov.np

# गाउँ कार्यपालिकाको कार्यालयको प्रस्तावित संगठन संरचना



# छबिस पाथिभेरा गाउँपालिका, बझाङ

## गाउँ कार्यपालिकाको कार्यालयको प्रस्तावित संगठन संरचना (कर्मचारी दरबन्दी सहित)

**गाउँ सभा** → लेखा, विधायन, सुशासन तथा न्यायिक समिति

**गाउँ कार्यपालिका** → आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, सुशासन तथा संस्थागत विकास र वातावरण तथा विपद व्यवस्थापन → वडा समितिहरु

**अध्यक्ष** → उपाध्यक्ष → न्यायिक समितिको सचिवालय

**प्रमुख प्रशासकीय अधिकृत (रा.प.तृतिय)**

### सामान्य प्रशासन शाखा
अधिकृत ६/७ औं (प्र./सा.प्र.)-१

**सूचना तथा सञ्चार प्रविधि उपशाखा**
सूचना प्रविधि अधिकृत ६ औं (विविध)-१

**प्रशासन उपशाखा**
सहायक ५ औं (प्र./सा.प्र.)-१
सहायक ४ औं (प्र./सा.प्र.)-१

**जिन्सी उपशाखा**
सहायक ४/५ औं (प्र./सा.प्र.)-१

**कानुन उपशाखा**
सहायक ५/६ औं (न्या./स.व.)-१

**दर्ता चलानी तथा सहायता कक्ष**
सहायक ४ औं (प्र./सा.प्र.)-१

**खरिद इकाई**
सहायक ५ औं (प्र./सा.प्र.)-१

### योजना तथा पूर्वाधार विकास शाखा
ईन्जिनियर ७ औं (इन्जि./सि.ज.)-१

**योजना तथा बजेट उपशाखा**
अधिकृत ६ औं (प्र./सा.प्र.)-१
कम्प्युटर अपरेटर ५ औं (विविध)-१

**पुर्वाधार विकास उपशाखा**
सब.इन्जिनियर ५/६ औं (इन्जि./सि.ज.)-१
सब.इन्जिनियर ५ औं (इन्जि./सि.)-१

**अनुगमन तथा मुल्यांकन उपशाखा**
सहायक ५/६ औं (प्र./सा.प्र.)-१

### आर्थिक विकास शाखा
अधिकृत ६/७ औं (कृषि/भेट)-१

**कृषि विकास उपशाखा**
सहायक ५/६ औं (कृषि/भेट)-१

**पशुपन्छि व्यवसाय प्रवर्धन उपशाखा**
सहायक ५/६ औं (कृषि/भेट)-१

**सहकारी तथा रोजगार प्रवर्धन उपशाखा**
सहायक ५/६ औं (प्र./सा.प्र.)-१

**संस्कृति तथा पर्यटन प्रवर्धन उपशाखा**
सहायक ५/६ औं (प्र./सा.प्र.)-१

**भुमि व्यवस्थापन उपशाखा**
अमिन चौथो (प्रा./सर्भे)-१

### सामाजिक विकास शाखा
अधिकृत ६/७ औ (प्र./सा.प्र.)-१

**महिला,बालबालिका तथा जेष्ठ नागरिक उपशाखा**
सहायक ५ औं (प्र./सा.प्र.)-१

**सामाजिक सुरक्षा तथा पञ्जिकरण उप-शाखा**
सहायक ५ औं (प्र./सा.प्र.)-१

### वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा
वातावरण निरिक्षक ६/७ औं (विविध/विविध समूह)-१
सहायक ५ औं (प्र./सा.प्र.)-१

### स्वास्थ्य शाखा
जनस्वास्थ्य अधिकृत ७ औं (स्वा./ज.स्वा.)-१
हेल्थ असिस्टेन्ट ५/६ औं (स्वा./ज.स्वा.)-१

### शिक्षा शाखा
अधिकृत ७ औं (शि.प्र.)-१
सहायक ५/६ औं (शि.प्र.)-१

**युवा तथा खेलकुद उपशाखा**
सहायक ५ औं (प्र./सा.प्र.)-१

### राजश्व व्यवस्थापन शाखा
सहायक ५/६ औं (प्र./सा.प्र.)-१

### आर्थिक प्रशासन शाखा
लेखा अधिकृत ७ औ (प्र./ले.)-१
लेखा सहायक ५ औं (प्र./ले.)-१

### आन्तरिक लेखा परिक्षण ईकाई
आ.ले.प. अधिकृत ६ औ (प्र./ले.)-१

### वडा कार्यालयहरु - ७ वटा
सहायक ५ औं (प्र./सा.प्र.)-७

**योजना तथा प्राविधक शाखा**
सहायक ५ औं (ईन्जि./सि.)-७

**प्रशासन तथा राजश्व शाखा**
सहायक क.अ.चौथो (विविध)-७

**कृषि सेवा केन्द्रहरु**
सहायक ४/५ औ (ने.कृ./कृषि)-४

**पशु सेवा केन्द्रहरु**
सहायक ४/५ औ (ने.कृ./भेट.)-३

### स्वास्थ्य चौकीहरुतर्फ - ५ वटा
*(एक स्वास्थ्य चौकीमा रहने दरवन्दी)*
अधिकृत ६ औं (स्वा./हे.ई.)-१
सहायक ५ औं (स्वा./हे.ई.)-१
सहायक ५ औं (स्वा./क.न.)-१
सहायक चौथो (स्वा./हे.ई.)-१
सहायक चौथो (स्वा./क.न.)-१

### आयुर्वेद औषधालय ब्याँसी
बैद्य निरिक्षक ६ औं (स्वा./आ.)-१
कविराज ५ औं (स्वा./आ.)-२

### स्वास्थ्य तर्फका निकायहरु:
- मटेला स्वास्थ्य चौकी
- लेकगाउँ स्वास्थ्य चौकी
- कोट चौधान पाटा स्वास्थ्य चौकी
- कंडेल स्वास्थ्य चौकी
- जयपृथ्वीनगर स्वास्थ्य चौकी
- झुतेडा आधारभूत स्वास्थ्य चौकी
- मजाखोरी आधारभूत स्वास्थ्य चौकी
- काप्रीगाउँ सामुदायिक स्वास्थ्य ईकाइ
- थलारा सामुदायिक स्वास्थ्य ईकाइ
- दय सामुदायिक स्वास्थ्य ईकाइ
- खतेडा बर्थिङ सेन्टर
- ब्याँसी आयुर्वेद औषधालय

### विद्यालय तथा क्याम्पसहरुको अवस्थिति
**सामूदायिकतर्फः**
- आधारभूत तहः २९ (निजी स्कूल ६ वटा)
- माध्यमिक तहः ७
- बालविकास केन्द्रः ३०
- सामुदायिक अध्ययन केन्द्रः ४


**संस्थागततर्फः**
- विशेष शिक्षाका कक्षाः २
- क्याम्पसः २

### गाउँपालिकाको प्रस्तावित दरबन्दी संख्या
गाउँकार्यपालिका - ३४
वडा कार्यालयहरु - २८
जम्मा दरवन्दी - ६२

छबिसपाथिभेरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ब्याँसी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

## छबिसपाथिभेरा गाउँपालिका वडा कार्यालयको संगठन संरचना

### वडा कार्यालयहरुको प्रस्तावित संगठन संरचना




**नोट :**

१. सेवा केन्द्रहरु आवश्यकता अनुसार स्थापना र सञ्चालन हुनसक्ने।

२. सूचना केन्दको लागि छुट्टै जनशक्ति राख्नु पर्दा नगरपालिकाको खर्च धान्ने क्षमतालाई ध्यान दिने। छुट्टै जनशक्ति नहुदा अन्य कर्मचारीहरुको कार्यविवरणमा उल्लेख गरी जिम्मेवारी दिनेगरी प्रस्ताव गरिएको।

**वडा कार्यालयहरुको संगठन संरचना र दरबन्दी प्रस्ताव गर्दा निम्न आधारहरु लिईएको छ।**

* गाउँपालिकाले वडाहरुलाई गरिएको बजेट विनियोजन, * वडा कार्यालयहरुको स्थलगत अवलोकनका क्रममा प्राप्त सुझावहरु र सेवाको अवस्था

* वडाहरुको श्रोत परिचालनको अवस्था, * भौगोलिक र भौतिक पूर्वाधारको अवस्था, * वडामा राजश्व संकलनको अवस्था

* अन्य गाउँपालिका तथा नगरपालिकाहरुको वडा कार्यालयहरुको संरचनागत अभ्यासहरु

## ३.५ छबिस पाथिभेरा गाउँ कार्यपालिका तथा वडा कार्यालयहरुको प्रस्तावित दरबन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | प्रस्तावित दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1. | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतिय | प्रशासन | सामान्य प्रशासन | | १ | |
| 2. | इन्जिनियर | ६/७ | इन्जि. | सिभिल/जनरल | | १ | |
| 3. | जनस्वास्थ्य अधिकृत | ६/७ | स्वास्थ्य | जनस्वास्थ्य | | १ | |
| 4. | अधिकृत | ६/७ | शिक्षा | शिक्षा प्रशासन | | १ | |
| 5. | लेखा अधिकृत | ६/७ | लेखा | लेखा प्रशासन | | १ | |
| 6. | अधिकृत | ६/७ | प्रशासन | सामान्य प्रशासन | | ३ | |
| 7. | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | | १ | |
| 8. | सूचना प्रविधि अधिकृत | ६ | विविध | विविध | | १ | |
| 9. | कविराज | ६ | स्वास्थ्य | आर्युवेद | | १ | |
| 10. | आलेप अधिकृत | ६ | लेखा | लेखा प्रशासन | | १ | |
| 11. | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | जनस्वास्थ्य | | १ | |
| 12. | सहायक | ५/६ | कृषि | कृषि/भेट | | २ | |
| 13. | सहायक | ५/६ | प्रशासन | सामान्य प्रशासन | | ४ | |
| 14. | सब-इन्जिनियर | ५/६ | इन्जि. | सिभिल | | २ | |
| 15. | सहायक | ५/६ | शिक्षा | शिक्षा प्रशासन | | १ | |
| 16. | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | | ७ | |
| 17. | कम्प्युटर अपरेटर | ५ | विविध | विविध | | १ | |
| 18. | बैद्य निरिक्षक | ५ | स्वास्थ्य | आर्युवेद | | १ | |
| 19. | लेखा सहायक | ५ | लेखा | लेखा प्रशासन | | १ | |
| 20. | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | | १ | |
| 21. | अमिन | ४ | प्राविधिक | सर्भे | | १ | |
| | कार्यालयतर्फ जम्मा | | | | | ३४ | |
| | वडा कार्यालय (७ वटा) | | | | | | |
| 22. | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ७ | |
| 23. | सब.इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ७ | |
| 24. | सहायक क.अ. | चौथो | विविध | विविध | | ७ | |
| 25. | सहायक | ४/५ | नेपाल कृषि | कृषि | | ४ | |
| 26. | सहायक | ४/५ | नेपाल कृषि | भेट | | ३ | |
| | वडा कार्यालय तर्फ जम्मा | | | | | २८ | |
| | कुल जम्मा | | | | | ६२ | |

नोटः

- कुनै स्थानीय तहमा तृतिय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचना अनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ। त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।
- संगठन संरचना भित्र नपरेका सरसफाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार, सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ।
- स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो र पांचौं कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सब.ई., अ.स.ई. वा प्रा.स.को पदमा कामकाज लगाउन सकिनेछ।
- यस दरबन्दी भन्दा बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरुले गाउँपालिकाले खटाए बमोजिमको काम गर्नु पर्नेछ।

## ३.६ प्रस्तावित नयाँ संगठन संरचना बमोजिम जनशक्ति विवरण

प्रस्तावित नयाँ संगठन संरचनामा ९ वटा शाखाहरु र शाखा अन्तर्गत कार्य प्रकृति र कार्य जिम्मेवारीको आधारमा उपशाखा, इकाई र सेवा केन्द्रको प्रस्ताव गरिएको छ । शाखाहरुमा ७ औं तह सम्मका अधिकृतलाई शाखा प्रमुखको जिम्मेवारीमा राख्ने र अन्तर्गत उपशाखा, इकाई तथा सेवा केन्द्रमा कार्यबोझ र कार्य प्रकृतिलाई आधार मानेर गाउँपालिकालाई बढी दायित्व सिर्जना नहोस भन्ने कुरामा सचेत रहदै उपशाखाहरुमा सहायक ५ औं तहलाई जिम्मेवारीमा राख्न सकिने गरी दरवन्दीहरु प्रस्तावित गरिएको छ । गाउँपालिकाको कार्यप्रकृति हेरी केही शाखा तथा उपशाखाहरु थप प्रस्ताव गरिएको छ । राजश्व व्यवस्थापन शाखा, भूमि व्यवस्थापन उपशाखा, कानून उपशाखा, सूचना तथा सञ्चार प्रविधि उपशाखा तथा पर्यटन प्रर्वधन उपशाखा लगायतका शाखा उपशाखाहरु नामाकरण गरी केही थप जनशक्तिको प्रस्ताव गरिएको छ । केही शाखा, उपशाखाहरुको कार्य स्वरुपलाई आधार मानेर तिनको प्रशासनिक नियन्त्रण सोझै प्रमुख प्रशासकीय अधिकृतमार्फत गाउँ कार्यपालिकामा रहने गरी संगठन ढाँचा तयार गरिएको छ । नयाँ संगठन संरचना अनुसार प्रस्तावित दरवन्दी विवरण शाखा, उपशाखा र इकाइ तथा सेवा केन्द्रगत रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### ३.६.१ कर्मचारी दरबन्दी सम्बन्धमा सैद्धान्तिक आधार र मान्यताहरु

प्रस्ताव गरिएको कर्मचारी दरबन्दीको सम्बन्धमा गाउँपालिकाको अवस्था विश्लेषणबाट देखिएको फासला (Gap), सहभागितामूलक तवरबाट छलफल गरी प्राप्त कार्यबोझको अवस्थालाई मूख्य आधार मानिएको छ ।

- गाउँपालिकाको कार्यलाई प्रभावकारी बनाउन अधिकृतमूलक संरचनालाई बढावा दिनुपर्ने र प्राविधिक मानवश्रोतमा बढावा दिनुपर्ने अवस्थाको चित्रण स्थिति विश्लेषणबाट देखिएको सन्दर्भमा साधारण प्रकृतिका दरबन्दी भन्दा प्राविधिक मानवश्रोतमा जोड दिईएको छ ।
- कार्यबोझ कम भएका शाखा/इकाईमा दरबन्दी कम गरी कार्यबोझ बढी भएका तथा गाउँपालिकाले सम्पादन गर्नुपर्ने छुटेका कार्यहरु (माथी अवस्थाको विश्लेषणमा देखाइए अनुसार) लाई प्रभावकारी गराउन आवश्यक देखिएका स्थानहरुमा दरबन्दी बढाउन प्रस्ताव गरिएको छ ।
- गाउँपालिकाको क्षमता सुधार गर्न विद्यमान मानवीय श्रोतको क्षमता विकास र उपयुक्त प्रविधिको प्रयोग गरी कार्यक्षमता र कार्यदक्षता बढाउनुपर्ने विषयलाई ध्यानमा दिई संरचनाको आकारलाई हेरिएको छ ।
- गाउँपालिकाको अभिलेख व्यवस्थापन अझै विश्वसनिय बनाउनु पर्ने महशुस भएको छ । गाउँपालिकाबाट प्राप्त जानकारीहरुलाई नै आधार मानी माथि तथ्यांक/जानकारीहरु उल्लेख गरिएको छ ।
- गाउँपालिकाले नियमित दायित्वमा नराखी आयोजनाको रुपमा र निश्चित कामहरु सेवा करारको रुपमा सम्पादन गर्न सकिने कार्यहरुलाई सोही अनुसार सुझाव गरिएको छ ।
- कार्यालय सहयोगी स्तरको कार्यबोझ र आवश्यकताको विश्लेषण गर्ने सूचनाहरु प्राप्त हुन नसकेकाले यसमा उही रुपमा राखिएको छ । यसमा गाउँपालिकाले अन्य पदहरु जस्तै विश्लेषण गरी Right Sizing गर्ने तथा सेवा करारको माध्यमबाट व्यवस्थित गर्ने कुरामा ध्यान दिनुपर्ने ।
- गाउँपालिकाले दरबन्दी सिर्जना गर्ने प्रक्रियामा खास आधारहरुको अवलम्वन गर्नुपर्ने हुन्छ । जसमा खास गरी गाउँपालिकाले सम्पादन गर्नुपर्ने भूमिका र यसको कार्यबोझ, संरचना, यसबाट पर्ने दायित्व (दिर्घकालिन समेत) र यसलाई व्यहोर्ने गाउँपालिकाको क्षमता जस्ता मूलभूत विषयको विश्लेषण गरी उक्त नतिजाहरुलाई आधार लिई प्रचलित ऐन, नियमको व्यवस्था अनुसारको प्रक्रिया अवलम्वन गर्नुपर्ने हुन्छ । माथि देखिएका कतिपय पदहरुको दरबन्दी सिर्जना नगरिएका/ मूलभूत कुराहरुको विश्लेषण विना सिर्जना गरिएका समेत महशुस भएकोले गाउँपालिकाले भविष्यमा यस्ता कुराहरुमा ध्यान दिनुपर्ने देखिन्छ ।